परिशिष्ट १२	[सङ्गति] बाइबलमा उल्लेखित 'मण्डली' शब्द

१. 'मण्डली' भन्ने शब्द

'मण्डली' अथवा 'चर्च' भन्ने शब्द ग्रीक भाषाको 'कुरियाकोन डोमा' (kuriakon doma) भन्ने शब्दबाट आएको हो, जसको अर्थ 'परमप्रभुको घर' हुन्छ।

सुरुको ग्रीक बाइबलमा 'चर्च'लाई 'एक्लेसिया' (ekklesia) लेखिएको छ।

बाइबलमा उल्लेखित 'एक्लेसिया' शब्दको केही फरक-फरक अर्थहरू यस प्रकारका छन्

२. मानिहरूको भेला अथवा सभा

(१) सभा

'एक्लेसिया' कानुनी अथवा राजनैतिक समूहलाई नियमित बोलाइने सभा हो (प्रेरित १९:३९)।

(२) भेला

'एक्लेसिया'को अर्थ मानिसहरू भेला हुनु अथवा जम्मा हुनु हो (प्रेरित १९:३२,४१)।

(३) समुदाय (झुण्ड)

'एक्लेसिया' धार्मिक उद्देश्यको लागि जम्मा भएका इस्राएलीहरूको समुदाय हो (न्यायकर्ता २०:२; २ इतिहास २९:२८; भजन २२:२२; भजन १०७:३२; प्रेरित ७:३८)। यहाँ यो कुरा याद गर्नुहोस्, कि पुरानो करारमा इस्राएललाई 'चर्च' (Greek: ekklesia) भनिएको छ, र त्यसलाई एल्डरहरूको (Greek: presbuteroi) परिषद्ले (शिक्षकहरू र न्यायकर्ताहरूको आसनले) अगुवाइ गर्थ्यो!

३. इसाईहरूको समुदाय (झुण्ड)

एक्लेसिया भनेको इसाईहरूको समुदाय हो।

समुदायको कुन पक्ष भन्ने कुरा त्यो शब्द प्रयोग भएको सन्दर्भले बुझाउँछ।

(१) **एक्लेसियाले स्थानीय इसाई समुदायको सभालाई बुझाउन सक्छ।**
(१ कोरिन्थी ११:१८: १४:१९; ३ यूहन्ना ६)।

(२) एक्लेसियाले पूर्णरूपमा इसाईहरू एकै ठाउँमा बस्ने अवस्थालाई बुझाउन सक्छ।

- एक्लेसिया एक वचनमा (मत्ती १८:१७; प्रेरित ५:११; ८:३; १ कोरिन्थी ४:१७; फिलिप्पी ४:१५; १ तिमोथी ५:१६ मा सम्भावना)। 'हरेक एउटा मण्डली झुण्डमा' (Greek: kata ekklesian, distributive sense, प्रेरित १४:२३)।
- विशेष सहरहरूमा एक्लेसिया: यरूशलेम (प्रेरित ८:१; ११:२२); एन्टियोक (प्रेरित ११:२६; १३:१) किंक्रिया (रोमी १६:१); कोरन्थी (१ कोरन्थी १:२); थेसलोनिके (१ थेसलोनिके १:१); एफिसस (प्रेरित २:१) आदि।
- एक्लेसिया बहु वचनमा (प्रेरित १५:४१; १६:५; रोमी १६:१६; १ कोरिन्थी ७:१७; २ कोरिन्थी ८:१८-२४; २ थेसलोनिके १:४)।
- विशेष प्रान्तहरू एक्लेसिया: यहूदिया (गलाती १:२२; १ थेसलोनिके २:१४); गलातिया (गलाती १:२; १ कोरिन्थी १६:१); एसिया (१ कोरिन्थी १६:१९; प्रकाश १:४); माकेडोनिया (२ कोरिन्थी ८:१)।

(३) एक्लेसियाले घर-घरमा भेला हुने इसाई झुण्ड (घरलु सङ्गति अथवा घरेलु मण्डली) लाई बुझाउन सक्छ।

रोममा प्रिस्किला र अक्विलाको घरको मण्डली (रोमी १६:५) र एफिससको घरेलु मण्डली (१ कोरिन्थी १६:१९)।
नुम्फासको घरको मण्डली (कलस्सी ४:१५)।
फिलेमोनको घरको मण्डली (फिलेमोन १:१-२)।

(४) एक्लेसियाले विश्वव्यापी इसाई मण्डलीलाई बुझाउन सक्छ, जसअन्तर्गत संसारका सबै साँचो इसाईहरू पर्दछन्।

(मत्ती १६:१८; प्रेरित ९:३१; १ कोरिन्थी ६:४; १२:२८; एफिसी १:२२; ३:१०,२१; ५:२३-३२; फिलिप्पी ३:६; कलस्सी १:१८,२४; १ तिमोथी ५:१६ मा सम्भावना)।

(५) यसले कहिलेकाहिँ विशेषरूपमा स्थानीय मण्डली अथवा विश्वव्यापी मण्डलीलाई चित्रण गर्दछ।
ग्रीक शब्द एक्लेसियाले विशेष इसाई रङ्ग र विशेष अर्थ दिन्छ; जस्तै: 'परमेश्वरको मण्डली' (१ कोरिन्थी १:२; १०:३२); ख्रीष्टमा सबै मण्डलीहरू (रोमी १६:१६); परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा भएका थेसलोनिकेको मण्डली (१ थेसलोनिके १:१); सन्तहरूका सबै मण्डलीहरूमा (१ कोरिन्थी १४:३३); अन्यजातिहरूका सबै मण्डलीहरू (रोमी १६:४)।

४. पुरानो करार र नयाँ करारमा 'चर्च' अथवा 'मण्डली' भन्ने शब्द।

(१) मण्डली संस्थागत इकाई होइन, तर यो आत्मिक इकाई हो।
पुरानो करारको विश्वासीहरू जुन 'सभा' अथवा 'मण्डली'मा थिए (Greek: ekklesia, न्यायकर्ता, २०:२; २ इतिहास २९:२८; भजन २२:२२; १०७:३२; र हिब्रू ११:१०-१६; १२:२२-२४ सँग तुलाना गर्नुहोस्), ठ्याक्कै त्यही 'सभा' अथवा 'मण्डली'मा नयाँ करारका विश्वासीहरू पर्दछन् (गलाती ४:२६; हिब्रू १३:१४)!

पुरानो करारको सामदान (प्रस्थान २५:३१-३२)
पुरानो करारको समयमा मन्दिरमा एउटा मात्र सामदान थियो, र त्यसमा सात वटा हाँगाहरू हुन्थे। उक्त सामदान पुरानो करारको मण्डलीको अवस्थाको (इस्राएलको) एकताको चिन्ह थियो।

नयाँ करारको सामदानहरू (प्रकाश १:२०)
नयाँ करारका विश्वासीहरू ख्रीष्टको एउटै शरीरमा छन् (१ कोरिन्थी १२:१२-१३), तर त्यसैगरी तिनीहरू थुप्रै स्थानीय स्वतन्त्र मण्डलीहरूअन्तर्गत पनि छन्। नयाँ करारको समयमा नयाँ करारको मण्डलीलाई पवित्र आत्माद्वारा ख्रीष्टको शरीर र सात वटा सामदानहरूद्वारा सक्रियरूपमा चित्रण गरिन्छ। नयाँ करारको समयमा पुरानो करारको जस्तो एउटा मात्र सामदान छैन, तर सात वटा सामदानहरू छन् र ती प्रत्येकमा एउटा बत्ती छ। तिनीहरूले नयाँ करारको समयमा संसारभरिको सबै स्थानीय स्वतन्त्र मण्डलीहरूको प्रतिनिधित्व गर्दछ (प्रकाश २:७)।

यसर्थ, नयाँ करारको समयमा इसाई मण्डलीहरूले तिनीहरूको एकता दृश्य संस्थामा (अथवा सम्प्रदायमा) होइन, तर पवित्र आत्माद्वारा सक्रियरूपमा उपस्थित हुनुहुने येशू ख्रीष्टद्वारा एक-आपसमा आत्मिक एकता भेट्टाउँछन्।

ख्रीष्टको शरीर
ख्रीष्टको शरीरजस्तो मण्डलीको स्वरूप (एफिसी ४:१२) र उक्त एउटै शरीरको सदस्यहरू भएका सबै इसाईहरूले संस्थागतरूपमा सबै इसाई मण्डलीहरू एक-अर्कोबाट स्वतन्त्र छन्, तर तिनीहरू ख्रीष्टबाट (शिरबाट) स्वतन्त्र छैनन् भनी देखाउँछ। तिनीहरूले ख्रीष्टमा मात्र आफ्नो आत्मिक एकता भेट्टाउँछन्। त्यो शरीरको सबै सदस्यहरू कुनै अर्को सदस्यबाट नियन्त्रित हुँदैनन्, तर तिनीहरूका शिर, येशू ख्रीष्टबाट मात्र नियन्त्रित हुन्छन्। त्यसकारण ख्रीष्टको शरीरको कुनै सदस्यले उक्त शरीरको अर्को सदस्यमाथि शासन गर्न सक्दैन। त्यसैगरी कुनै 'आमा मण्डली' भन्ने कुनै मण्डलीले त्यसको कुनै 'छोरी मण्डलीमाथि' शासन गर्नु हुँदैन।

(२) विश्वव्यापी मण्डली सम्प्रदायहरूबाट बनिएको हुँदैन।
कुनै इसाई आधुनिक सम्प्रदायको बारेमा बाइबलको कुनै पनि ठाउँमा चर्चा गरिएको छैन।

(३) कुनै स्थानीय मण्डलीसँग छाता संस्था छैन।
कुनै छाता संस्थाको अधिनमा स्थानीय मण्डलीहरू भएको प्रमाण बाइबलमा कतै उल्लेख गरिएको छैन।

(४) बाइबलमा विश्वव्यापी मण्डली अथवा स्थानीय मण्डली कुनै राज्यको मण्डली अथवा राष्ट्रिय मण्डली अथवा विशेष जातिको मण्डली भनी उल्लेख गरिएको छैन।
राज्यको मण्डली अथवा राष्ट्रिय मानिसहरूको मण्डली भन्ने बारेमा बाइबलमा कुनै प्रमाण छैन: यहूदीहरू र ग्रीकहरू मिलेर रोममा (रोमी १४ अध्याय) र एफिससमा (एफिसी २ अध्याय) स्थानीय मण्डली स्थापना गरे।

५. 'एक्लेसिया' भन्ने शब्दको अर्थ

सारा संसारमा ख्रीष्टको शरीर भनी नबुझाएसम्म 'एक्लेसिया' भन्ने शब्दले सधैँ कुनै विशेष स्थानको 'स्थानीय मण्डलीलाई' बुझाउँछ। ख्रीष्टको शरीर आत्मिक वास्तविकता हो। स्वतन्त्र मण्डलीहरूबीचको आत्मिक एकतालाई ख्रीष्टको आत्माले, बाइबलको सत्यताले अनि ती स्थानीय मण्डलीहरूबीचको परामर्श र सहकार्यले कायम राखेको हुन्छ।